**आ.ब.२०७२।०७३ को शोधभर्ना श्रोतको बजेट निकासा फुकुवा कार्यबिधि तथा आयोजना लेखा सिफारिस गर्ने सम्बन्धमा**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ को उपनियम (५) मा **"बजेट रकम निकासा दिँदा वैदेशिक सहयोग वा ऋण सहायता समावेश भएको योजनाको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट तोकेको कार्यविधि अनुसार निकासा दिनु पर्नेछ"** भन्ने व्यवस्था रहेको ।

श्री अर्थ मन्त्रालयको पत्रसंख्या २०७२।०७३ अख्तियारी च.न.१ मिति २०७२।०४।०१को खर्च गर्ने अख्तियारी सम्बन्धि पत्र बमोजिम **"बैदेशिक सहायतामा संचालित आयोजनाहरुको बजेट खर्चलाई आयोजनाले गरेको खर्च , कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तिय तथा लेखा परीक्षण प्रतिबेदन सम्बन्धी कार्य सम्पादन गरे नगरेकोसंग आबद्ध गरिएको छ । सोधभर्ना हुनुपर्ने रकम सोधभर्ना नभएको सम्बन्धित आयोजना प्रमुख र लेखा प्रमुखलाई प्रचलित कानुन अनुसार कारबाही गर्ने ब्यवस्था मिलाईएको छ । महालेखा नियन्त्रक कार्यालयले तयार पारेको शोधभर्ना सम्बन्धि कार्य–बिधि अनुरुप निकासा/ भुक्तानीको फुकुवा आदेश हुन सक्ने "** भन्ने ब्यवस्था भएको ।

महालेखा नियन्त्रक आर्यालयको आ.ब.२०७२।०७३ को खर्च गर्ने बजेट अख्तियारी तथा निकासा कार्यान्वयन सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई गरिएको थप परिपत्रको बुँदा ३०मा बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था देहाय अनुसारको व्यवस्था रहेको ।

> **"बैदेशिक सहायतामा संचालित आयोजनाहरुको बजेट खर्चलाई आयोजनाले गरेको खर्च , कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तिय तथा लेखा परीक्षण प्रतिबेदन सम्बन्धी कार्य सम्पादन गरे नगरेकोसंग आबद्ध गरिएको छ । सोधभर्ना हुनुपर्ने रकम सोधभर्ना नभएको सम्बन्धित आयोजना प्रमुख र लेखा प्रमुखलाई प्रचलित कानुन अनुसार कारबाही गर्ने ब्यवस्था मिलाईएको छ । यस्तो बैदेशिक सहायता समावेश भएको बजेटको निकासा / भुक्तानी गर्दा यस कार्यालयको फुकुवा आदेश अनिवार्य हुने" भन्ने** ब्यवस्था गरिएको ।

यस कार्यालयबाट सोधभर्ना स्रोतको बजेट निकासा फुकुवा दिँदा विगत आ.व. हरुमा समेत निकासा फुकुवाको कार्यविधि बनाई स्विकृत कार्यविधि सम्बन्धमा सम्बन्धित सबै मन्त्रालयहरु, आयोजना/कार्यक्रमहरुलाई जानकारी गराई सोही आधारमा सोधभर्ना शाखाबाट निकासा फुकुवाको

कारवाही गरी फुकुवाको निर्णय अनुसार बजेट कार्यान्वयन शाखामा निकासा फुकुवाको लागि अनुरोध गरी पठाउने गरिएको तथा यस आ.ब.मा यस कार्यालयले तयार गरेको शोधभर्ना सम्बन्धि कार्य–बिधि अनुरुप निकासा / भुक्तानीको फुकुवा आदेश गर्ने ब्यवस्था गर्न अर्थ मन्त्रालयको निर्देशन समेत रहेको ।

अत माथि उल्लेखित निर्देशन तथा व्यवस्था कार्यान्वयन गर्नका लागि आ.व. २०७२।०७३ मा सोधभर्ना स्रोतको निकासा फुकुवा गर्दा पुरा गर्नु पर्ने कार्यविधि तथा प्रक्रियाहरु देहाय अनुसार निर्धारण गरी सोधभर्ना स्रोतको फुकुवा छाडने व्यवस्था गर्न निर्णयको लागि पेश गरेको छु ।

## १) प्रथम चौमासिक निकासा:

१.१ प्रथम चौमासिक अवधिमा Pre Funding बाहेकको निकासा/भुक्तानी दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक नपर्ने ।

## २) दोश्रो चौमासिक फुकुवा लिन

२.१ आ.व. २०७१।०७२ सम्मको सोधभर्ना लिन बाँकी सबै रकम सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । सो नभएमा अर्थ मन्त्रालयबाट सोधभर्ना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने ।

२.२ आ.व. २०७१।०७२ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.ब. २०७१।०७२को आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने । आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश गर्नु पर्ने ।

२.३ Implementation Progress Report/Financial Monitoring Report(IPR/FMR) प्रणालीबाट सोधभर्ना हुने आयोजनाहरुले आ.व. २०७१।०७२ को तेश्रो चौमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नु पर्ने । चालु आ.ब.मा निकासा माँग गरेको मितिमा प्रथम चौमासिक अबधिको IPR/FMR पठाउने मिति (चौमासिक अबधि समाप्त भएको ४५ दिन भित्र) दातृनिकायलाई पेश गरि यस कार्यालयलाई एक प्रति पेश हुनु पर्ने ।

२.४ सोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ।

२.५ आ.व. २०७१।०७२ सम्मको सोधभर्ना आंशिक मात्र प्राप्त भएको भए कुन कुन माँग पत्र ( Withdrawal Application) / FMR को रकम प्राप्त नभएको हो सोको कारण सहितको विवरण देहायको ढाँचामा पेश गर्नु पर्ने ।

| माँगपत्र/FMR | | | माँग गरेको रकम | | | | सोधभर्ना प्राप्त गरेको रकम | | | | सोधभर्ना प्राप्त नभएको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विदेशी मुद्रामा | | | | विदेशी मुद्रामा | | | |
| नंबर | मिति | दातृ निकाय | रुपैयामा | मुद्राको नाम | सटही दर | विदेशी मुद्रा | रुपैयमा | मुद्राको नाम | सटही दर | विदेशी मुद्रा | |
| | | | | | | | | | | | |

२.६ आ.व. २०७१।०७२को तेस्रो चौमासिक सम्मको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसंगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट सोधभर्ना प्राप्त नहुने धरौटी,कर,प्रतित-पत्र पेश्कि,अन्य पेश्की आदि रकम बास्तबिक खर्च भै नसकेको कारणले सोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सो को प्रतिवेदन सहित सम्वन्धित मन्त्रालयबाट फुकुवा सिफारीश भै आएको हुनुपर्ने ।

२.७ बजेटमा स्रोतगत बाँडफाँट फरक भै खर्च भएको तर दातृ निकायसंगको सम्झौता अनुसार सोधभर्ना प्राप्त हुन नसक्ने, सोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा सोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७०।०७१ सम्मको भए स्रोतान्तर हिसाब मिलान भै सकेको हुनु पर्ने आ.व. २०७१।०७२ को मात्र भए अर्थ मन्त्रालयमा श्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपी पेश हुनु पर्ने

२.८ नयाँ सम्झौता भएको योजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति ( Financing Agreement,Disbursement letter, Project Appraisal Document वा यस्तै सम्झौतासँग सम्बन्धित कागजातहरु) पेश गर्नु पर्ने ।

२.९ बजेट अख्तियारी, स्विकृत कार्यक्रम, जिल्लागत बाँडफाँट हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँट, अख्तियारी एवं स्विकृत कार्यक्रमको तेरिज पेश गर्नु पर्ने ।

२.१० आयोजनाको सम्झौताको म्याद, सम्झौतामा सोधभर्ना रकमको बजेट, बजेट मध्येको हालसम्मको खर्च, सो मध्ये सोधभर्ना भएको र सोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ बमोजिम अनुसूची ४ को विवरण र नियम ३७(५) वमोजिम आ.व. २०७१।०७२ को तेश्रो चौमासिकसम्मको अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने

२.११ परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति माासिक रुपमा प्राप्त भएको हुनु पर्ने ।

२.१२ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने ।

२.१३ महालेखा नियन्त्रक कार्यालय, सोधभर्ना शाखामा रहेको आयोजनागत/स्रोतगत सोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भएको हुनु पर्ने ।

२.१४ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अबधि नाघिसकेको भए आयोजना लेखा(Audited) बुझाएको हुनु पर्ने ।

२.१५ नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुलाईमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने ।

## ३) तेश्रो चौमासिक फुकुवा लिन

३.१ चालु आर्थिक २०७२।०७३ को प्रथम चौमासिकमा बैदेशिक सहायताबाट संचालित आयोजनाहरुमा शोधभर्ना हुने बैदेशिक श्रोतमा भएको खर्चको दातृ निकायबाट सोधभर्ना प्राप्त गरि सकेको बिबरण पेश हुनु पर्ने ।

३.२ आयोजनाहरुले आ.व. २०७१।०७२ को खर्चको आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरि सकेको हुनु पर्ने । आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने

दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश गर्नु पर्ने ।

३.३ IPR/FMR प्रणालीबाट सोधभर्ना हुने आयोजनाहरुले आ.व. २०७२।०७३ को प्रथम चौमासिकको IPR/FMR प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा दोश्रो चौमासिक अबधिको IPR/FMR प्रतिबेदन पठाउने मिति (चौमासिक अबधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए दोश्रो चौमासिक अबधिको प्रतिबेदन दातृ निकायमा पठाई एक प्रति यस कार्यालयलाई पेश गरेको हुनु पर्ने ।

३.४ सोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ।

३.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना श्रोतबाट खर्च देखिएको तर दातृ निकायसंगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट सोधभर्ना प्राप्त नहुनु धरौटी, प्रतित-पत्र पेश्कि आदि र नेपाल सरकारसंग सहायक ऋण/अनुदान सम्झौता गरी रकम निकासा लिने तर खर्च गरी नसकेको कारणले सोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारीश भै आएको हुनुपर्ने ।

३.६ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने ।

३.७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) (घ) अनुसार चालु आ.व.को दोश्रो चौमासिकसम्मको सोधभर्ना तर्फको रकम र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संशोधन गरी बजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावली को नियम ३८(१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भै सकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भैसकेको हुनु पर्ने ।

३.८ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७(५) वमोजिमको पहिलो चौमासिकको अनुसूची ४ र ८ को विवरण पेश गर्नुपर्ने ।

३.९ परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्ने ।

३.१० दोश्रो चौमासिक सम्मको सोधभर्ना अभिलेख भिडान भैसकेको हुनुपर्ने ।

३.११ नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वयत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिवरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने ।

आयोजना लेखा सिफारिस गर्ने सम्वन्धमा

- बैदेशिक श्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरीने आयोजना लेखाको सम्वन्धमा लेखापरिक्षण नभएको आयोजना लेखा (Un-Audited Project Account) कार्तिक मसान्त भित्र र लेखापरिक्षण भएको आयोजनालेखा ( Audited Project Account) पौष मसान्त भित्र पेश गरि सक्नु पर्ने छ ।
- आयोजना लेखा यस कार्यालयमा सिफारिसको लागि पठाउदा सम्वन्धित मन्त्रालय मार्फत पठाउनु पर्ने तथा आयोजना लेखामा मन्त्रालयको लेखा प्रमुखको र सचिवज्यूको दस्तखत गरी पठाउनु पर्ने छ ।
- एउटै वजेट शिर्षकवाट दुई वा दुई भन्दा वढी आयोजनाहरुले निकासा खर्च गर्ने अवस्था भएमा प्रत्येक आयोजनागत निकासा खर्चको विवरण सम्वन्धित मन्त्रालय वा Coordinetor कार्यालयवाट निकासा खर्च एकिकृत गरी सकभर एकै पटक आयोजना लेखा पेश गर्नु पर्ने छ ।
- सम्वन्धित निकायवाट सिफारिसको लागि पेश भएको आयोजनालेखा यस कार्यालयमा रहेको विवरण संग भिडान गरी आयोजना लेखा प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तीमा ३ दिन लाग्ने हुदा सोहि अनुसारको समयतालिका मिलान गर्नु पर्ने छ ।